# नेपाल सरकार
# शिक्षक सेवा आयोग
## कार्यरत अस्थायी शिक्षकहरुको परीक्षा स्थगित सम्बन्धी अत्यन्त जरुरी सूचना

शिक्षा ऐन (संशोधनसहित), २०२८ को दफा ११च. मा भएको व्यवस्थाबमोजिम कार्यरत अस्थायी शिक्षक (प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तह) को परीक्षा यही २०७४ भाद्र १० गते बिहान ११:०० बजे हुने कार्यतालिका प्रकाशित गरिएकोमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७४।०५।०५ गतेको "अविरल वर्षाको कारणले सिर्जना भएको असहज परिस्थिति अझै विद्यमान रहेको, राज्यको सम्पूर्ण ध्यान उद्धार तथा राहत कार्यमा केन्द्रित गर्नु परेको, जनधनको क्षतिबाट प्रभावित परिवारका सदस्यहरुको मानवीय संवेदना एवं यातायात पूर्वाधारहरुमा पुगेको क्षतिले गर्दा उत्पन्न भएको कठिनाई समेतलाई मनन गरी उल्लिखित परीक्षा कार्यक्रम २०७४ असोज ८ गतेसम्मको लागि स्थगित गर्ने" भन्ने व्यहोराको पत्र शिक्षा मन्त्रालय मार्फत कार्यान्वयनको लागि लेखी आएकोले आयोगबाट परीक्षा सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण तयारी हुँदा हुँदै पनि अर्को सूचना प्रकाशित नभएसम्मको लागि उक्त परीक्षाको कार्यतालिका हाललाई स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट परीक्षार्थीहरुमा पर्न गएको असुविधा प्रति आयोग गहिरो दुःख व्यक्त गर्दछ ।